मिति २०७६।११।२२

**छलफलका लागी पेश भएका प्रस्तावहरु**

१. पाँचौ नगरसभाको समीक्षा सम्वन्धमा ।
२. जनप्रतिनीधिहरुको अध्ययन अवलोकन भ्रमण कार्यक्रम सम्वन्धमा ।

## निर्णय नं. १

आजको यस नगरकार्यपालिकाको वैठकको कार्यसुचिमा चढी निर्णयको लागि पेश भएको पाँचौ नगरसभाको समीक्षा सम्वन्धी प्रस्तावमा छलफल गर्दा यस नगरपालिकाको पाँचौ नगरसभा कार्यपालिकाले स्वीकृत गरेको कार्यसुचीमा छलफल गरी जनमैत्री वातावरणमा सम्पन्न भएको र यसरी सफलतापुर्वक नगर सभा सम्पन्न गर्न सहयोग गर्ने सवै सभासद तथा कर्मचारीहरुलाई धन्यवाद दिने निर्णय गरियो ।

## निर्णय नं. २

आजको यस नगरकार्यपालिकाको वैठकको कार्यसुचिमा चढी निर्णयको लागि पेश भएको जनप्रतिनीधिहरुको अध्ययन अवलोकन भ्रमण कार्यक्रम सम्वन्धी प्रस्तावमा छलफल गर्दा यस नगरपालिकाको सम्पुर्ण जनप्रतिनीधिहरुलाई अन्य नगरपालिकाले गरेका असल अभ्यासहरुको अवलोकन गराई हाम्रो यस नगरपालिकामा पनि शासकिय सुधार तथा विकास निर्माण कार्यमा सहयोग पुग्ने हुँदा जनप्रतिनीधिहरुलाई अध्ययन अवलोकन भ्रमणमा लैजाने निर्णय गरियो । सो को लागि रु. ७,००,०००।०० (सात लाख) अन्तर नगरपालिका अवलोकन भ्रमण शिर्षकबाट खर्च गर्ने र यो अवलोकन भ्रमण कार्यक्रम व्यवस्थापन गर्न देहाय बमोजिमको अध्ययन अवलोकन कार्यक्रम व्यवस्थापन समिति गठन गर्ने निर्णय गरियो ।

देहाय

१. संयोजक : हृदय नारायण पजियार

२. सदस्य : अस्फाक अंसारी

३. सदस्य : कल्पना नेपाली

४. सदस्य सचिव : रामदेव चौधरी (योजना शाखा प्रमुख)

हरिपुर नगरपालिका, सर्लाही